# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः १२ मई २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज राती आठ बजे राष्ट्रलाई सम्बोधन गर्नुहुनेछ।

- एयर ऑपरेशन महानिदेशक एयर मार्शल ए. के. भारतीले भारतको लडाई आतंकवादीहरू र उनीहरूको सहयोगी ढांचा विरुद्ध रहेको हो तर पाकिस्तानी सेना विरुद्ध होइन भनि बताउनु भएको छ।

- दार्जीलिङ पाहाड तराई-डुवर्स सिक्किम लगायत छिमेकि देशहरु नेपाल र भुटान सहित विश्व भरि हर्सउल्लासका साथ पालन गरियो |

- पश्चिम बंगालमा गत साता जमात-उल-मुजाहिद्दीन बांग्लादेश (जेएमबी) का तीन सक्रिय सदस्यहरू पक्राउ परेपछि राज्य र केन्द्रीय खुफिया एजेन्सीहरूले पश्चिम बंगालका संवेदनशील क्षेत्रहरूमा निगरानी बढाएका छन्।

- सिलीगुड़ीमा उत्तर बंगाल राज्य परिवहन निगम (एनबीएसटीसी) का कर्मचारिहरुले आज प्रदर्शन गरेको छ।

**प्रधानमन्त्री-संबोधन**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज राती आठ बजे राष्ट्रलाई सम्बोधन गर्नुहुनेछ। श्री मोदीको यो सम्बोधन पहलगाम आतंकी हमला पछि भारतको अपरेशन सिन्दूर पछि भइरहेको छ। पहलगाम आतंकी हमलामा 25 भारतीय र एक नेपाली नागरीकको मृत्यु भएको थियो। भारतले जवाबी कार्रवाईमा पाकिस्तानमा रहेका कैयन आतंकी र सैन्य ठेकानाहरू नष्ट गरिदियो र 100 भन्दा बढी आतंकीहरूलाई मार्यो।**यसअघि दिउँसो प्रधानमन्त्री नरेन्द्र मोदीले नयाँ दिल्लीमा** एक **उच्चस्तरीय बैठकको अध्यक्षता गर्नुभयो। बैठकमा केन्द्रीय रक्षामन्त्री राजनाथ सिंह, विदेशमन्त्री** सुब्रह्मण्यम **जयशंकर, राष्ट्रिय सुरक्षा** सलाहकार **अजित डोभाल, रक्षा प्रमुख जनरल अनिल चौहान, तीनै सशस्त्र सेनाका प्रमुख र कैयन वरिष्ठ अधिकारी उपस्थित हुनुहुन्थ्यो।**

**रक्षा प्रेस वार्ता**

एयर ऑपरेशन महानिदेशक एयर मार्शल ए. के. भारतीले भारतको लडाई आतंकवादीहरू र उनीहरूको सहयोगी ढांचा विरुद्ध रहेको हो तर पाकिस्तानी सेना विरुद्ध होइन भनि बताउनु भएको छ। उहाँले भन्नुभयो यो दुर्भाग्यपूर्ण रहेको छ कि पाकिस्तानी सेनाले हस्तक्षेप गर्दै आतंकवादीहरूको पक्ष लिएको छ, जसका कारण भारतीय सशस्त्र बलले यसको यथोचित जवाफ दिनु पर्यो। अपरेशन सिन्दूरको बारेमा दिल्लीमा आयोजित एक प्रेस वार्तामा, एयर मार्शल भारतीले अपरेशन सिन्दूर अवधि सेनाले नागरीक र सैन्य पूर्वाधारमा कसरी कम भन्दा क्षति पुर्‍यायो त्यसबारे जानकारी दिनुभयो।

उहाँले भन्नुभयो भारतीय सशस्त्र सेनाको एकीकृत वायु रक्षा प्रणालीमा सेना, नौसेना र वायु सेनाको रक्षा प्रणाली सामेल छन। DGAO ले भन्नुभयो यो मजबुत वायु रक्षा, AD प्रणालीमा विभिन्न बहु-स्तरीय AD सेन्सर र हतियार प्रणालीहरू सामेळ छन्।

**(बाइट- एके भारती)**

एयर मार्शल भारतीले भन्नुभयो पाकिस्तानले प्रयोग गर्ने ठूलो संख्यामा ड्रोन र मानवरहित लडाई हवाई वाहनहरूलाई स्वदेशी रूपमा विकसित सॉफ्ट र हार्ड किल काउन्टर-यूएएस सिस्टम र वायु रक्षा कर्मीहरूले निष्क्रिय पारेका थिए। उहाँले भन्नुभयो भारतको युद्ध प्रणाली समयको कसौटीमा खरो उत्रिएको छ।

**मुख्यमन्त्री बुद्ध पूर्णिमा**

मुख्यमन्त्री ममता बनर्जीले आज बुद्ध पूर्णिमाको शुभ अवसरमा राज्यवासीलाई शुभकामना दिनुभएको छ । उहाँले राज्य सरकार बंगालको बौद्ध सम्पदाको संरक्षणमा निरन्तर सक्रिय रहेको बताउनुभयो।एक सन्देश मार्फत मुख्यमन्त्रीले बौद्ध धर्मको मूल्यमान्यता र शिक्षामा आफ्नो विश्वास व्यक्त गर्नुभयो र बौद्ध सांस्कृतिक सम्पदाको संरक्षण गर्न आफ्नो सरकार प्रतिबद्ध रहेको पनि स्पष्ट बताउनुभयो|

**जमात-उल-मुजाहिद्दीन सदस्य पक्राउ 6.50**

पश्चिम बंगालमा गत साता जमात-उल-मुजाहिद्दीन बांग्लादेश (जेएमबी) का तीन सक्रिय सदस्यहरू पक्राउ परेपछि राज्य र केन्द्रीय खुफिया एजेन्सीहरूले पश्चिम बंगालका संवेदनशील क्षेत्रहरूमा निगरानी बढाएका छन्। विशेष गरी ती क्षेत्रहरूमा सतर्कता बढाइएको छ जहाँ आतंकवादी वा कट्टरपन्थी संगठनहरूको स्लीपर सेलहरू पहिले नै सक्रिय छन्|स्रोतका अनुसार बंगलादेशसित अन्तर्राष्ट्रिय सीमा जोडिएका जिल्लाहरूमा विशेष सतर्कता अपनाइएको छ। यसमा अल्पसंख्यक बहुल मुर्शिदाबाद र मालदा जिल्लाहरूमा विशेष ध्यान दिइएको छ। यसबाहेक, वीरभूम, पूर्वी वर्धमान र हुगली जस्ता जिल्लाका केही अल्पसंख्यक बहुल क्षेत्रहरूलाई पनि यस निगरानीको दायरामा ल्याइएको छ।

पक्राउ परेका तीन जेएमबी कार्यकर्ताहरु मध्ये दुई—आजमल हुसैन र साहेब अली खानलाई शुक्रवार बीरभूम जिल्लाको नलहाटीबाट पक्राउ गरिएको छ। भने तेस्रो सदस्य अबासुद्दीन मोल्लालाई शनिवार दक्षिण 24 परगना जिल्लाकोक डायमंड हार्बर लोकसभा क्षेत्र अंतर्गत पाटरा गांवबाट पक्राउ गरियो।यसै बीच, केन्द्रीय गृह मंत्रालय को हाल ही में खुफिया यसैबीच, केन्द्रीय गृह मन्त्रालयले हालै खुफिया निकायहरूबाट जानकारी प्राप्त गरेको छ यस सन्दर्भमा, JMB, हिज्बुत-उत-तहरिर (HuT) र अन्सारुल्लाह बांग्ला टीम (ABT) जस्ता बंगलादेश स्थित कट्टरपन्थी संगठनहरूको नाम पनि प्रकाशमा आएको छ।

**बुद्ध पूर्णिमा**

बुद्ध पूर्णिमा देशका विभिन्न भागहरुमा श्रद्धापूर्वक पालन गरियो । बुद्धिष्ट परम्परा अनुसार आजको दिन २ हजार ५ सय ६९ वर्ष अधि भगवान बुद्धको जन्म भएको थियो अनि कालान्तरमा बिहारको बौद्ध गयामा स्थित् बोधी वृक्षको मुनि उहाँले परिनिर्वाणा प्राप्त गरेका थिए । आज बुद्ध पूर्णिमाको अवसरमा दार्जीलिङ पहाड़, सिक्किम तथा अन्य क्षेत्रहरुका बौद्ध गुम्बाहरुमा बिशेष पूजाको आयोजन गरियो । बौद्ध धर्मावलम्बीहरुका साथ अन्य मानिसहरु पनि विभिन्न गुम्बाहरुमा पूजा-अर्चनाका लागि जाँदै गरेको देखियो । श्रद्धालुहरुले विभिन्न गुम्बाहरुमागएर भगवान बुद्धको पूजा-अर्चना गरे अनि विश्व शान्ति तथा सम्पूर्ण मानव लगायत पशु-प्राणीहरु को शान्ति र सुरक्षाका निम्ति प्रार्थना गरे । बौद्धगुरू एवं बौद्ध धर्मावलम्बीहरुले यस पावन अवसरमा गुम्बाहरूमा बौद्ध धार्मिक ग्रन्थहरुका विशेष पाठ गरेर पूजा-अर्चना गरे ।
आज खरसाङमा बौद्ध बुद्ध पूर्णिमाको अवसरमा स्थानिय तामाङ्ग बुद्धिष्ट गुम्बा द्वारा भगवान बुद्धको मूर्तिलाई सुरुचि ढंगमा सजाएर, पालकीमा बसाएर अनि पहेंलो रङ्कको बस्त्र पहिरन गराएर धार्मिक जुलुस निकालियो यसरी नै शेर्पा बुद्धिष्ट एसोसिएशनले पनि आज खरसाङ, शहरमा धार्मिक कार्यक्रमहरु गरेको योजना गरेको थियो|

**दुई दिवसीय संगोष्ठी**

१० अनि ११ मईको दिन नेपाली साहित्य सम्मेलनको सुधपा प्रेक्षा गृहमा साहित्य अकादेमी नयाँ दिल्ली अनि वसुधा - भारतीय नेपाली नारी साहित्यिक मञ्च दार्जीलिङको संयुक्त आयोजनामा भारतीय नेपाली साहित्यमा नारीहरूको योगदान विषयक दुई

दिवसीय संगोष्ठी सम्पन्न गरियो।वसुधाका अध्यक्ष डा गीता क्षेत्रीको अध्यक्षता, साहित्य अकादेमी नयाँ दिल्लीका उप सचिव डा एन सुरेश बाबु, कोलकता एकाडेमीबाट उपस्थित विश्वजित रोय, साहित्य एकेडेमी प्रतिनिधि डाक्टर जीवन राणा डाक्टर अमृता राणा, साहित्य अकादेमी सदस्य साथै जेनरल काउन्सिल साहित्य अकादमी नेपाली भाषा परामर्श समिति सदस्य साथै पूर्व संयोजक प्रेम प्रधान, नेपाली भाषा परामर्श समितिका पूर्व संयोजक डा. जीवन नाम्दुङको विशेष उपस्थिति, नेपाली परामर्श समिति साहित्य एकादेमी, सदस्य आशा मुखिया लामा, नेपाली परामर्श समिति साहित्य अकादेमी संयोजक शंकरदेव ढकालको विशेष उपस्थितिमा सम्पन्न गरियो भने कार्यक्रममा नेपाली साहित्य सम्मेलनका अध्यक्ष डा सी के राई साथै विभिन्न संघसंस्थाका प्रतिनिधि अनि भाषा साहित्यलाई रुचाउने विद्वान अनि विदुषीहरूको विशेष उपस्थिति रहेको थियो। दुवै दिनको कार्यक्रमलाई मञ्चका सचिव अमला क्षेत्रीद्वारा सञ्चालित प्रथम दिनको संगोष्ठीमा उप सचिव एन सुरेश बाबु, नेपाली परामर्श समिति साहित्य अकादेमी संयोजक शंकरदेव ढकाल, नेपाली परामर्श समिति साहित्य अकादेमी सदस्य आशा मुखिया लामाले सम्बोधन गरेका थिए भने डा गीता क्षेत्रीले अध्यक्षीय सम्बोधन राखेपछि प्रथम दिनको शी कार्यक्रमको प्रथम सत्रमा साहित्यकार विद्या सुब्बा अनि मातृका गजमेरले अध्यक्षता गरेको कार्यक्रममा नारी हस्ताक्षरहरू क्रमैले स्नेहलता राई, डा रेमिका थापा, डा वीणा हाङखिम, गीता निरौला, लतिका जोशी अनि उषाकिरण सत्यदर्शीले आ-आफ्नो विषय बुँदामाथि कार्यपत्र प्रस्तुत गरेका थिए। यसरिनै आजको अन्तिम दिनको समापन सत्रलाई वरिष्ठ नारी हस्ताक्षर सुजता रानी राईद्वारा अध्यक्षता गरिएको थियो भने कमला तामाङले भारतीय नेपाली साहित्यमा अनुवाद एवं नारी अनुवादकहरू परम्परा र योगदान विषयमाथि कार्यपत्र प्रस्तुत गरे।

**एनबीएसटीसी**

सिलीगुड़ीमा उत्तर बंगाल राज्य परिवहन निगम (एनबीएसटीसी) का कर्मचारिहरुले आज प्रदर्शन गरेको छ। उत्तर बंगाल राज्य परिवहन श्रमिक कर्मचारी एकता मंचका सदस्यहरुले वेतन वृद्धिको मांगमा आज एनबीएसटीसी डिपो मा धरना-प्रदर्शन गरेका छन्। संगठनले आरोप लगाएको छ,कि चालकहरुको वेतनमा वृद्धि भएता पनि, अन्य कर्मचारिहरुको वेतन वृद्धिको संबंधमा कुनै निर्णय गरिएको छैन| जसका कारण श्रमिकहरुलाई वित्तीय समस्याहरुको सामना गर्न परेको छ। एनबीएसटीसी कर्मचारिहरुको धरना प्रदर्शनका कारण बस सेवाहरु केहि समयको लागि बाधित बनेको थियो। संगठनका सदस्यहरुले बताए अनुसार उनिहरुको मांगहरुमा ध्यानकेन्द्रित गरिएन भने उनीहरुले अझ ठुलो आंदोलन गर्ने छन्।

**अखिल भारतीय नेवार संगठन मिरिक**

अखिल भारतीय नेवार संगठनको मिरिक आन्चालिक कमिटीको भीमदीय मन्दिर निर्माण समिति द्वारा आज बुद्ध जयन्तीको पावन अवसरमा भीमदेव देउताको मुर्ति स्थापना गरियो । मुलाचार्य अलंकार शाक्य तथा अन्य गुरुजीहरु द्वारा अर्चना गरिए पछि देवालयको पुजा गरियो । यस अवसरमा लाखे नृत्य को आयोजना गरियो जसले मन्दिर परिसर हुँदै मिरिक बजार कृष्णनगर क्षेत्र परिक्रमा गरे पछि मन्दिरमा आएर समापन भयो ।कार्यक्रममा भीमदेव देउताको साक्षी बन्न दार्जीलिङ, सिक्किम खर्साङ , कालेबुङ, सुके नागरी खण्ड , मिरिक लगायत तराई डुवर्स क्षेत्रबाट नेवार समुदायको व्यापक उपस्थिति रहेको थियो ।यस अवसरमा मन्दिर निर्माण समितिका अध्यक्ष गौतम प्रधानले धेरै बर्ष पछि मिरिकमा मन्दिर निर्माण हुन सकेकोमा खुशी व्यक्त गर्नुभयो । उहाँले दोलखा नेपालको भीमसेन थानको रुपमा निर्माण गरिएको मिरिकको यस मन्दिरको पूर्णनिर्माण यस बर्षको अन्तिम सम्म हुने जानकारी गराउनु भयो|

**सुधन गुरूङ**

एक जना सामाजिक कार्यकर्ता माथि हालै दार्जीलिङमा भएको प्राण घातक हमला काण्डमा दुई अभियुक्तहरुलाई पक्राउ गरेको छ| आज दार्जीलिङको CGM न्यायलयले अभियुक्तहरुलाई 3 दिनको पुलिस हिरासतमा पठाएको छ|
यस विषयमा GTA का मुख्य कार्यपाल अनित थापाले सुधन गुरूङले न्याय पाउनु पर्छ भनि बताउनु भएको छ|

**अखिल भारतीय नेवार संगठन**

अखिल भारतीय नेवार संगठनका केन्द्रीय अध्यक्ष एसएन प्रधानले नेवार समुदायलाई जनजातीको दर्जा प्रदान गर्ने बिश्वब्यापीमा कागजातको काम लगभग अन्तिम चरणमा पुगेको जानकारी दिनुभएको छ । आज मिरिकमा पत्रकारहरुलाई सम्बोधन गर्नु हुँदै छुटेका एघार जात गोष्ठीलाई भारत सरकारबाट चाडैं न्याय पाउने आशा व्यक्त गर्नुभयो ।

**नदिया जिल्ला बाग्लादेशी नागरिक**

नदिया जिल्लाको हंसखली थाना पुलिसले आज एक अभियान चलाएर चार बाग्लादेशी नागरिकलाई गिरफ्तार गरेको छ। उनिहरु संगै एक संदिग्ध भारतीय दलाल पनि पक्राउ गरेको छ। पुलिस सूत्र अनुसार, पक्राउ परेका बांग्लादेशी लगभग एक वर्ष पहिला अवैध रुपले भारतीय क्षेत्रमा प्रवेश गरेको थियो। राणाघाट पुलिस जिला अधीक्षक आशीष बैज्याले बताए अनुसार पक्राउ परेकाहरु असांग सोदपुछ चली रहेको छ।

**हावड़ा लागु पदार्थ**

हावड़ा ग्रामीण जिल्ला पुलिसले हिज राती खोजी अभियान संचालन गरी दुईवटा वाहनबाट 192 किलोग्राम लागु पदार्थ जफ्त गरेको छ। यस आशयको जानकारी गराउँदै हावड़ा ग्रामीण जिल्ला पुलिसले आज बताए अनुसार, हिज राती नौ बजे जिल्लामा अचानक नाका चेकिंग अभियान शुरू गरियो। यसै क्रममा हावड़ा ग्रामीण यातायात विभाग अनि राजापुर पुलिस स्टेशनका अधिकारीहरूको संयुक्त पहलमा पंचला बाउरिया चौरस्तामा एक नाका प्वोइन्ट स्थापना गरी जाँच शुरू गरियो। यसै अवधि दुई वाहनलाई जाँच गर्दा 192 किलोग्राम लागु पदार्थ भेटियो। त्यसपछि पदार्थ सहित चारजनालाई पुलिसले पक्राउ गरेको छ। हावड़ा ग्रामीण जिल्ला पुलिसले घटनाको सम्बन्धमा आवश्यक कानूनी कारबाही गरिरहेको बताएको छ।

****** ० ******